आज मिति २०७७।०२।१८ गते प्र.जि.अ. श्री कृष्ण कुमार निरौलाको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको देहायको उपस्थितिमा बैठक बसी देहायानुसार निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री कृष्ण कुमार निरौला, प्र.जि.अ. ,जि.प्र.का. | - अध्यक्ष |
| श्री निरञ्जन धामी, सेनानी , श्रीदल गुल्म, हुटु व्यारेक, रारा | - सदस्य |
| श्री भुवनेश्वर प्रसाद साह, प्र.ना.उ. ,जि.प्र.का, | - सदस्य |
| श्री रमेशकान्त पोखेल, स.प्र.ना.उ. स.प्र.बल, नं. ४५ गुल्म | - सदस्य |
| श्री केशवप्रसाद न्यौपाने प्र.प्र.अ., रा.अ.जि.का. | - सदस्य |
| डा. निर्मल नगरकोटी, प्रमुख, स्वा.से.का. | - सदस्य |
| श्री भिमराज सेजुवाल, नि.जि.स.अ., | - सदस्य |
| श्री केशव ज्ञवाली, स.प्र.जि.अ.,जि.प्र.का. | - सदस्य सचिव |

सल्लाहकार

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

विशेष उपस्थिति

श्री कर्णशिला मल्ल, उपप्रमुख, जिल्ला समन्वय समिति
श्री हरिजङ्ग शाही - नगर प्रमुख, छायाँनाथ रारा नगरपालिका मुगु
श्री छिरिङ क्याप्ने लामा, अध्यक्ष, मुगुम कार्मारोङ गाउँपालिका,
श्री लोक बहादुर शाही, अध्यक्ष, सोरु गाउँपालिका
श्री अञ्जन विष्ट, सेनानी, सु.से.मु.
श्री पारशमणी मल्ल, अध्यक्ष, अस्पताल विकास समिति
श्री लोकेन्द्र बहादुर थापा, प्रतिनिधी, नेपाली कांग्रेस
श्री मंगल बहादुर शाही, प्रतिनिधी, ने.क.पा
श्री धर्म बहादुर शाही, ने.क.पा
श्री जित बहादुर मल्ल, ने.क.पा
श्री वीर्ख बहादुर थापा, ने.क.पा
श्री जय बहादुर मल्ल, नेपाल रेडक्रस सोसाइटी
श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
श्री मिन बहादुर रावल, हिरिष्डेक मुगु
श्री दान बहादुर बुढा, नेपाल पत्रकार महासंघ
श्री खडक सुनार, नेपाल पत्रकार महासंघ
श्री हरिलाल नेपाली, रेडियो मुगु

निर्णयहरु

१) कोभिड-१९ रोकथाम र नियन्त्रणका सम्बन्धमा यस जिल्लामा हालसम्म गरेका कार्यहरुको समीक्षा गरियो ।

- जिल्लामा कोभिड -१९ को रोकथाम र नियन्त्रणका लागि अहोरात्र खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्थानीय तहका पदाधिकारीहरु, राजनीतिक दल, नेपाल रेडक्रस लगायतका सबैं संघसंस्थाहरु, संचारकर्मी, अत्यावश्यक सेवा संचालनमा खटिने कर्मचारीहरु, दातृ संस्था लगायत सरोकारवाला सबैमा यो बैठक धन्यवाद ज्ञापन गर्दछ ।
- भारतबाट करीब २४०० जना मुगु जिल्लामा फर्किन सक्ने अनुमान गरिएको, हाल भारतबाट फर्किनेहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको अवस्थामा मौजुदा क्वारेण्टाइनहरुको गुणस्तर सुधार गरी तोकिएको मापदण्ड अनुरुप तुल्याउनु पर्ने अवस्था रहेको ।
- क्वारेण्टाइनहरुको संख्यालाई स्वास्थ्यकर्मी एवं सुरक्षा कर्मीहरुको उपलब्धतालाई ध्यानमा राखी पुनरावलोकन गर्दै बढीमा ३ स्थानमा कायम गरी प्रत्येक क्वारेनटाइन स्थलमा बेडसंख्या थप गर्नु पर्ने देखिएको । जिल्लामा हाल एकमात्र अस्पतालमात्र रहेकोले उक्त अस्पतालबाट नियमित विरामी तथा कोभिड -१९ को बिरामीलाई उपचार गर्न कठिनाइ हुने भएकोले कोभिड -१९ सम्बन्धी उपचारका लागी एकवटा कम्तीमा ५० बेड क्षमताको कोभिड -१९ अस्पताल स्थापना तत्काल स्थापना गर्नु पर्ने आवश्यकता महसुस गरिएको ।
- जिल्ला सदरमुकाममा हालसम्म आइसोलेशन बेड ७ वटामात्र रहेको र छिमेकी जिल्लाहरुमा भारतबाट भित्रिएका व्यक्तिहरुमा कोभिड -१९ को संक्रमण भएको देखिएको र यस जिल्लामा समेत ठुलो संख्यामा व्यक्तिहरु भारतबाट भित्रिने क्रम जारी रहेकोले आइसोलेशन बेड संख्या थप गर्नु पर्ने आवश्यकता रहेको ।

२) Province Crisis Management Center को मिति २०७७।०२।११ को बैठकको निर्णयहरु समितिमा जानकारी गराइयो ।

३) कोभिड-१९ रोकथाम तथा नियन्त्रणका सन्दर्भमा नेपाल सरकारले जारी गरेको आदेश निर्देशनहरुको पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

४) कोभिड-१९ रोकथाम तथा नियन्त्रणको सन्दर्भमा यस जिल्लाका स्थानीय तहहरुले निर्माण गरेका क्वारेनटाइन र त्यसको अवस्था, राहत वितरण लगायतका सबै कार्यहरुको स्थलगत रुपमा अनुगमन गरि सम्बन्धित स्थानीय तहहरुलाई आवश्यक सहयोग एवं सहजिकरण गर्न जिल्ला समन्वय समिति मुगुलाई अनुरोध गर्ने निर्णय गरियो ।

५) कर्णाली प्रदेशमा कोभिड-१९ को संक्रमण दिन प्रतिदिन बढ्दै गएको र यस जिल्लामा विदेश/भारत लगायत संक्रमित क्षेत्रबाट समेत व्यक्तिहरु भित्रिने क्रम बढ्दै गएको सन्दर्भमा निम्नानुसार गरी पूर्ण सजगता अपनाउने निर्णय गरियो ।

- जिल्ला कोभिड - १९ परीक्षणका लागि किटहरुको मौज्दात ज्यादै न्यून रहेकोले RDT किट तथा PCR का लागि VTM किट कम्तीमा २००० थान उपलब्ध गराई दिन सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय सुर्खेत र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा अनुरोध गर्ने ।
- कोभिड - १९ को रोकथाम र नियन्त्रणका लागि अन्य जिल्लाबाट प्रवेश गर्ने व्यक्तिहरुलाई RDT/ PCR गराउन हाल यस जिल्लामा सो सम्बन्धी किटहरुको मौज्दात ज्यादै न्यून रहेको र सम्बन्धित निकायसंग माग गर्दा समेत हालसम्म उपलब्ध हुन नसकेको हुँदा सबै स्थानीय तहहरु, स्वास्थ्य सेवा कार्यालय, मुगु, जिल्ला विपद् व्यवस्थापन कोष लगायत जिल्लामा क्रियाशिल गैरसरकारी संघसंस्थाहरुलाई समेत RDT/ VTM किट खरिद गर्न अनुरोध गर्ने ।
- कोभिड -१९ को रोकथाम र नियन्त्रणका लागि स्थापित क्वारेण्टाइनहरुलाई तोकिएको मापदण्ड अनुरुप तुल्याइ आवश्यक स्वास्थ्यकर्मी सहित भरपर्दो सुरक्षा व्यवस्था मिलाउनु पर्ने भएकोले हाल प्रत्येक स्थानीय तहमा रहेका क्वारेण्टाइनहरुलाई विदेशमा रहेका नागरिकहरुमध्ये आ-आफ्नो घर फर्किन सक्ने नागरिकहरुको संभावित संख्यालाई समेत दृष्टिगत गरी उपयुक्त स्थान छनौट गरी हाल भइरहेका क्वारेण्टाइनहरुको संख्या पुनरावलोकन गरी बढीमा तीन स्थानमा कायम गर्न तथा सोको गुणस्तर एवं क्षमता वृद्धि गर्न नेपाल प्रहरीसंगको समन्वयमा कार्य गर्न सम्बन्धित स्थानीय तहहरुलाई अनुरोध गर्ने ।
- गृह मन्त्रालयको चलानी नम्बर ३९६१ को पत्रानुसार संलग्न भइ आएको नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ को प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय तह लगायत सबै सरोकारवालाहरुले समन्वयात्मक रुपमा कार्य गर्ने ।
- सम्बन्धित पालिकामा प्रवेश गर्ने व्यक्तिहरुलाई कम्तिमा १४ दिनसम्म क्वारेण्टाइनमा राखी RDT/ SWAB परीक्षण गराइ सोको नतिजा नेगेटिभ आएको अवस्थामा कम्तिमा ७ दिनसम्म होम क्वारेण्टाइनमा बस्ने गरी आ-आफ्नो घर पठाउने व्यवस्था मिलाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

- प्रदेशको छिमेकी जिल्लाको रुपमा रहेको बाँकेको नेपालगंजमा कोभिड-१९ बाट संक्रमित व्यक्तिहरुको संख्या दिन प्रति दिन बढ्दै गएको सन्दर्भलाई ध्यानमा राखि सबै स्थानीय तहहरुले एक वडा वस्तीबाट अर्को स्थानीय तहमा जानको लागि पूर्ण रुपमा रोक लगाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।
- सजकता एवं सतर्कताका लागि आवश्यक प्रचार प्रसारका गर्न नेपाल रेडक्रस, सबै स्थानीय तह, र सामाजिक संघ संस्थाहरुले सहयोग गर्ने ।
- माथि उल्लिखित कार्यमा जिल्ला स्थित सबै राजनीतिक दल लगायत सबै सरोकारवाला निकायहरुले आवश्यक सहयोग एवं सहजीकरण गर्ने ।

६) कर्णाली प्रदेश लगायत मुलुकभरमा कोरोना संक्रमण फैलिरहेको अवस्थालाई ध्यानमा राखी अन्यत्रबाट कुनै पनि व्यक्तिहरुलाई जिल्ला प्रवेशमा रोक लगाउने, कुनै विशेष परिस्थिति आइ ल्याउनु पर्ने अवस्थामा जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरीसंग समन्वय गरी ल्याउने व्यक्तिहरुको RDT /SWAB परीक्षण गराएर मात्र ल्याउन सम्बन्धित स्थानीय तहहरुलाई अनुरोध गर्ने । साथै, जिल्ला प्रशासन कार्यालय मुगुको पूर्व सहमती नलिएका एवं RDT /SWAB परीक्षण नगराएका व्यक्तिहरुलाई यस जिल्लामा नपठाइदिन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

७) जिल्लामा हाल एकमात्र अस्पतालमात्र रहेकोले कोभिड -१९ को कोभिड -१९ सम्बन्धी उपचारका लागी एकवटा कम्तीमा ५० बेड क्षमताको कोभिड -१९ अस्पताल स्थापना तत्काल स्थापना गर्न प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

८) अन्य जिल्ला र भारतबाट आउने व्यक्तिहरुलाई क्वारेण्टाइनमा राखिएकोमा भारतबाट आउने व्यक्तिहरुमा कोभिड - १९ को जोखिम बढी देखिएको हुँदा भारतबाट आउने र अन्य जिल्लाका व्यक्तिहरुलाई छुट्टाछुट्टै क्वारेण्टाइनमा राख्ने व्यवस्था मिलाउने ।

९) कोभिड-१९ को रोकथाम र नियन्त्रणका सन्दर्भमा जिल्लाका सबै स्थानीय तहरुले हालसम्म गरेका कार्यहरुको विषयमा समष्टी रुपमा जिल्लाको विस्तृत विवरण तयार गरी समिक्षा समेत गर्नु पर्ने भएकाले जिल्ला प्रशासन कार्यालयले माग गरेका विवरणहरु यथासिघ्र पठाउन सबै स्थानीय तहका प्रमुख प्रशासिकय अधिकृतहरुलाई निर्देशन दिने निर्णय गरियो ।

१०) स्वास्थ्य सेवा कार्यालय मुगुबाट VTM किट खरिदका रकम माग भइ आएकोले जिल्ला विपद् व्यवस्थापन समितिबाट पछि अनुमोदन गराउने गरी सम्पूर्ण खरिद प्रक्रिया र लेखापरीक्षण सोही कार्यलयले गराउने गरी लागि हाललाई रु. ५ लाख स्वास्थ्य सेवा कार्यालय,मुगुलाई पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

११। कोभिड-१९ का कारण कुनैं व्यक्तिको मृत्यु भएमा कोभिड -१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गर्ने । साथै उक्त कार्यमा सरोकारवाला निकायहरु वीच देहाय बमोजिम समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

- सवै स्थानीय तहहरुले शवको अन्तिम संस्कार गर्ने स्थान ७ दिन भित्र तोकि जानकारी गराउने, शव दाह संस्कार गर्न आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरु लगायत आवश्यक व्यवस्थापन गर्ने, अन्तिम दाहसंस्कार गर्ने स्थान सम्म पुऱ्याउनको लागि सवारी साधन/साधनको व्यवस्था गर्ने ।
- शव व्यवस्थापनमा आवश्यक पर्ने PPE लगायतका अन्य सुरक्षा सामाग्रीहरुको व्यवस्थापन सम्बन्धित स्थानीय तह र स्वास्थ्य सेवा कार्यालय/ प्राथमिक स्वास्थ्य चौकी/ स्वास्थ्य चौकीहरुले गर्ने ।
- जिल्ला सदरमुकामको हकमा नेपाली सेनाको नेतृत्वमा शव व्यवस्थापनका लागि सबै सुरक्षा निकाय र स्वास्थ्य सेवा कार्यालय तथा अन्य स्थानीय तहहरुको हकमा सम्बन्धित स्थानीय तहको नेतृत्वमा सुरक्षित तवरले शवको व्यवस्थापन गर्ने, सो कार्यमा स्थानीय सुरक्षा निकायहरुले आवश्यक सहयोग एवं सुरक्षा व्यवस्था मिलाउने ।

१२। निर्माणाधीन कारागार भवनमा जिल्लास्तरको २० बेडको आइसोलेशन निर्माण गर्न गर्नु पर्ने कार्यहरु एकीन गरी ३ दिनभित्र प्रतिवेदन पेश गर्न स्वास्थ्य सेवा कार्यालय, नेपाल रेडक्रस सोसाइटी र खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालयका प्रमुखहरु रहेको समिति गठन गर्ने र सो कार्यमा नेपाली सेनाले आवश्यक सहजीकरण गर्ने ।

१३) जिल्लाको प्रत्येक स्थानीय तहहरुमा विदेश/भारतमा रहेका तपशिल बमोजिमका व्यक्तिहरु आउन सक्ने संभावनना रहेकाले सो अनुसार चाहिने आवश्यक सामाग्रीहरुको व्यवस्था गरी पूर्व तयारी अवस्थामा रहन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

तपसिल

| स्थानीय तह | भारतमा रहेका अनुमानित संख्या | भारतबाट फर्किन सक्ने अनुमानित संख्या | आवश्यक पर्न सक्ने बेड संख्या |
|---|---|---|---|
| छायाँनाथ रारा नगरपालिका | ८१६ | ३९१ | १०० |
| मुगुम कार्मारोङ गाउँपालिका | १४०० | ८०० | २०० |
| खत्याड गाउँपालिका | १४०० | १००० | ४०० |
| सोरु गाउँपालिका | ५०० | ३०० | २०० |

१४) कोभिड-१९ संग सम्बन्धित जिल्ला भित्र गरेका गतिविधिहरुलाई एकिकृत विवरण तयार गरी कम्तिमा मासिक रुपमा ई-बुलेटिन प्रकाशन गर्ने । त्यसको सम्पादन र प्रकाशनका लागि देहाय बमोजिमको सम्पादन तथा प्रकाशक मण्डल गठन गर्ने निर्णय गरियो ।

सम्पादन तथा प्रकाशन मण्डल

स.प्र.जि.अ. - संयोजक
प्रतिनिधी नेपाल पत्रकार महासंघ - सदस्य
सबै स्थानीय तहको सुचना अधिकारी/ फोकल पर्सन - सदस्य
प्रतिनिधी स्वास्थ्य सेवा कार्यालय - सदस्य
कोष नियन्त्रक, को.ले.नि.का - सदस्य
नेपाल प्रहरी, - सदस्य
नेपाल रेडक्रस - सदस्य